# स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८०

प्रस्तावना: मुलुकमा सरकारी, निजी, सहकारी तथा गैरसरकारीको संयुक्त प्रयास र लगानीबाट समग्र अर्थतन्त्रमा स्थायित्व कायम भई उच्च, दीगो र रोजगारमूलक आर्थिक बृद्धि हाँसिल गर्न तीनै तहका सरकार क्रियाशील हुनु पर्ने आवश्यक देखिएको छ । समग्र अर्थतन्त्रको विकासको लागि आय आर्जन, रोजगारी, राष्ट्रिय उत्पादन अभिबृद्धि गरी गरिबी न्यूनिकरण गर्न स्थानीय तहको छुटै रोजगार रणनीति तर्जुमा गर्न आवश्यक भएको छ । स्थानीय तहको रोजगार रणनीति तर्जुमा र कार्यान्वयनबाट संविधानले व्यबस्था गरेको नागरिकको रोजगारीको हकको कार्यान्वयनमा सहजता आउनुका साथै स्थानीय तहको सामाजिक र आर्थिक उन्नतिमा समेत सहयोग पुग्न सक्ने हुन्छ। यसै सन्दर्भमा स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्ने कार्यमा सहयोग गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रायले यो मार्गदर्शन जारी गरेको छ।

<u>३.स्थानीय तहको रोजगार रणनीति तर्जुमाको उद्देश्यः</u>

स्थानीय तहको रोजगार रणनीति तर्जुमा भई कार्यान्वयनमा आएमा स्थानीय तहले सङ्घीय रोजगार नीतिलाई समेत प्रत्यक्ष सहयोग पुयाउदै स्थानीय तहले देहायका नतिजाहरु प्राप्त गर्न सक्षम हुनेछन :

(क) स्थानीय तहमा रहेक सीप विकास, उद्यमशिलता र रोजगारीको तथ्यांक संकलन र विश्लेषण गरी अवसरको पहिचान गर्ने ।

(ख)स्थानीय माग र आवश्यकताको आधारमा श्रम बजारको नीति बमोजिम कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयन गर्ने ।

(ग)श्रम बजारको माग बमोजिम जनशक्तिको उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिबृद्धि गरी आर्थिक विकासमा योगदान गर्ने।

(घ)स्थानीय तहमा दक्ष, प्रतिष्पर्धी र उद्यमशील मानवीय श्रोतको विकास गर्ने,

(ङ) स्थानीय तहबाट नागरिकलाई व्यवसायिक सीप विकास, रोजगारी प्रवर्द्धन, उत्पादनशील रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन, रोजगारीमा पदस्थापना, स्वरोजगारी, वैदेशिक रोजगारीमा जानेलाई दिइने सेवा, वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको सामाजिक, आर्थिक, पारवारिक रुपमा पुनर्स्थापिना तथा पुनः एकिकरण लगायतका सेवा वा लगायतका एकिकृत श्रम र रोजगारमूलक सेवा प्रवाह गर्ने ।

**<u>५. रणनीतिको पृष्ठभूमिः</u>**

नेपालको राष्ट्रिय रोजगार नीति, २०७१ ले उठान गरेका विषय तथा सन्दर्भलाई ध्यान दिई स्थानीय तहको श्रम तथा रोजगार संग सम्बन्धित विषयहरुलाई उल्लेख गर्ने । स्थानीय तहले राष्ट्रिय श्रम तथा रोजगारीका क्षेत्रमा गर्न सक्ने योगदानलाई ध्यान दिदै अन्तरसम्बन्धित विषय रहेको श्रम तथा रोजगारीको विषयलाई स्थानीय तहको सामाजिक र आर्थिक उन्नतिमा परिचालन गर्ने गराउने गरी पृष्ठभूमिमा उल्लेख गर्ने।

<u>६. रणनीतिको तर्जुमाको औचित्यः</u>

स्थानीय तहको रोजगार रणनीति तर्जुमाको औचित्य प्रष्ट पार्दा वर्तमान कार्यक्रमहरुबाट प्राप्त उपलव्धिहरुको विश्लेषण र वर्तमान चुनौतिहरुको विश्लेषण गर्नु पर्नेछ। यसका लागि स्थानीय तहको सामाजिक र आर्थिक अबस्था, बेरोजगारीको समस्यालाई दीर्घकालीन रुपमामा सम्बोधन गर्न वर्तमान रणनीति तथा कार्यक्रमहरुले सक्षम भए नभएको विषयलाई उल्लेख गरी नयाँ रणनीतिको सान्दर्भिकता र औचित्यता पुष्टी गर्नु पर्नेछ ।

## अनुसूची - २

## (बुँदा नं. ७.४ संग सम्बन्धित)

### स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्ने प्रयोजनको लागि रोजगारदातासंग गर्ने सर्वेक्षण फाराम

स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्ने प्रयोजनको लागि यस गाउँपालिका / नगरपालिकामा रहेका रोजगारदातालाई श्रमिकको आपूर्ति तथा सीप तथा क्षमता विकासको मागको अध्ययन गर्ने यो प्रश्नावली तयार गरिएको छ । आगामी दिनमा स्थानीय तहमा श्रमिक तथा सीप क्षमताको सम्बन्धमा कार्यनीति एवम् कार्यक्रम तर्जुमा गर्नको लागि गर्न लागिएको यो सर्वेक्षणका विवरणहरु गोप्य रहनेछन् ।

१.रोजगारदाताको नामः ......................................................................

२.ठेगानाः ..................................................................... वडा नं. .......टोल / वस्तिः....................

***३.रोजगारदाताको प्रकृति (कुनै एकमा चिन्ह लगाउनु होस):***

| | |
|---|---|
| (क) कृषि, बन तथा मत्स्यपालन उत्पादन | (ख)खानी तथा उत्खनन |
| (ग)उद्योग | (घ)विद्युत, ग्याँस, एयरकण्डिसन आदि |
| (ङ)खानेपानी, ढल, फोहोरमैला व्यवस्थापन | (च)निर्माण व्यावसायी |
| (छ)खुद्रा तथा होलसेल व्यापार | (ज)यातायात तथा भण्डारण |
| (झ)पर्यटन, होटल तथा रेष्टुरेन्ट | (ञ)सूचना प्रविधि |
| (ट)वित्तीय /इन्सुरेन्स सेवा | (ठ)रियलस्टेट सम्बन्धी व्यापार |

*(ड)सेवा तथा परामर्श सम्बन्धी सेवा* *(ढ)प्रशासकीय लगायतका सेवा*

*(ण)शिक्षा* *(त)स्वास्थ्य तथा सामाजिक सेवा*

*(थ)कला, मनोरञ्जन*

*(द)अन्य*

*४.रोजगारदाता प्रकृति (कुनै एकमा चिन्ह लगाउनु होस):*

*(क)ठुला प्रतिष्ठान* *(ख)साना तथा मझौला उद्योग प्रतिष्ठान*

*(ग)मौसम* *(घ)राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी*

*(ङ)अन्तर्राष्ट्रिय प्रतिष्ठान* *(च)अन्य*

*५.उत्तरदाता:(कुनै एकमा चिन्ह लगाउनु होस)*

***(क)**रोजगारदाता* *(ख) कर्मचारी* *(ग)परिवारको सदस्य* *(घ)अन्य*

*६.आगामी ५ वर्षमा यहाँको व्यावसाय बढ्ने देख्नु हुन्छ ? ( कुनै एकमा चिन्ह लगाउनु होस)*

***(क)**देख्दिन (प्रश्न ८ मा जानुहोस् ।)* *(ख) थाहा छैन (प्रश्न ८ मा जानुहोस् ।)* *(ग)बढ्न सक्छ (यदि यस बुँदामा भएमा प्रश्न नं. ७ को उत्तर दिनु होस् । )*

*७.यदी व्यावसाय बढ्ने देख्नु हुन्छ भने कति प्रतिशतले बढ्ने आँकलन गर्नु हुन्छ? (कुनै एकमा लगाउनु होस)*

*(क)५% सम्म* *(ख)५-१०%* *(ग)१०-२०%*

*(घ)२०-५०%* *(ङ)५०% भन्दा अधिक*

*८.यहाँको उद्योग तथा प्रतिष्ठानको लागि उपयुक्त जनशक्ति प्राप्त गर्नु भएको छ? (कुनै एकमा लगाउनु होस)*

*(क) छ ।* *(ख) छैन ।*

*क) यदी छ भने कुन कुन काम गर्ने र तहको कर्मचारी नियुक्त गर्नु भएको छ?*

*अ……………………*

*आ…………………………..*

*इ…………………….*

*ई………………….*

*ख) यदि छै भने कुन काम गर्ने कुन तहको कर्मचारी खोजी गरि रहनु भएको छ?*

*अ…………………*

*आ……………………….*

*इ…………………*

*ई…………………*

*९.यहाँको उद्योग तथा प्रतिष्ठानको बृद्धिको लागि स्थानीय सरकारबाट के कस्ता सहयोगको अपेक्षा गर्नु भएको छ? (उत्तर एक भन्दा अधिक हुन सक्ने हुनाले आवश्यक बुँदामा चिन्ह लगाउन सकिने । )*

***(क)**उपयुक्त स्थानीय नीति* *(ख)श्रमिकको आपूर्तिमा सहयोग*

*(ग)सीप तथा क्षमता विकासमा सहयोग* *(घ)बजारीकरणमा सहयोग*

*(ङ)अन्य निकायमा सहजिकरण गर्नमा सहयोग*

*(च)अन्य…………………………*

*१०. स्थानीय आर्थिक विकासका लागि कुन क्षेत्रमा विकास हुन आवश्यक देख्नु हुन्छ?*

………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………………

*धन्यवाद /*